# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, साउन १० गते, २०७४ साल (संख्या १८

## भाग ३

नेपाल सरकार

**अर्थ मन्त्रालयको**

सूचना १

**मदिरा (दोस्रो संशोधन) नियमहरु, २०७४**

मदिरा नियमहरु, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मदिरा ऐन, २०३१ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "मदिरा (दोस्रो संशोधन) नियमहरु, २०७४" रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मदिरा नियमहरु, २०३३ को नियम ७ मा संशोधन : मदिरा नियमहरु, २०३३ को नियम ७ को, -

(१) खण्ड (ख) मा रहेका "तीन बोतलसम्म रक्सी र बाह्र बोतलसम्म बियर लिई आउन" भन्ने शव्दहरुको सट्टा "अर्थ

मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेबमोजिमको परिमाणको मदिरा लिई आउन" भन्ने शव्दहरु राखिएका छन् ।

(२) खण्ड (ग) मा रहेका "परिमाणसम्म पैठारी गर्न" भन्ने शब्दहरुको सट्टा "परिमाणसम्म निकासी वा पैठारी गर्न" भन्ने शब्दहरु राखिएका छन् ।

## सूचना-२

## मूल्य अभिवृद्धि कर (उन्नाइसौं संशोधन) नियमावली, २०७४

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "मूल्य अभिवृद्धि कर (उन्नाइसौं संशोधन) नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली संवत् २०७४ साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क. मा संशोधन : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६क. को सट्टा देहायको नियम ६क. राखिएको छ :-

"६क. ठेक्का सम्बन्धी व्यवस्था: (१) सरकारी निकाय, सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले आफूले गरेको ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दिई सम्बन्धित ठेकेदारलाई कर भुक्तानी गर्नु पर्नेछ ।

(२) सरकारी निकाय वा सार्वजनिक संघ संस्थाले वार्षिक पाँच लाख रुपैँयाभन्दा बढीको ठेक्का पट्टा दिँदा वा वार्षिक एक लाख रुपैँयाभन्दा बढीको परामर्श सेवा लिँदा दर्ता भएको व्यक्तिसँग मात्र दिनु लिनु पर्नेछ ।"

३. मूल नियमावलीको नियम ३३ मा संशोधन : मूल नियमावलीको नियम ३३ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छ :-

"(३) प्रयोग भै सकेका प्रत्येक वस्तुहरु बिक्री गर्दा बीजक जारी गरी खरिद र बिक्रीको छुट्टा छुट्टै अभिलेख राख्नु पर्नेछ ।"

४. मूल नियमावलीको नियम ५६ मा संशोधन : मूल नियमावलीको नियम ५६ को सट्टा देहायको नियम ५६ राखिएको छ :-

"५६. दर्ता भएको व्यक्तिसँग खरिद गर्नु पर्ने : नेपाल सरकार, संवैधानिक निकाय वा प्रदेश वा नेपाल सरकार वा प्रदेश अन्तर्गतको कुनै सरकारी निकाय वा संगठित सस्था वा स्थानीय तहले नेपालभित्र एक पटकमा बीस हजार रुपैयाँभन्दा बढीको कर लाग्ने वस्तु वा सेवाको खरिद गर्दा दर्ता भएको व्यक्तिसँग मात्र खरिद गर्नु पर्नेछ । "

५. खारेजी : मूल नियमावलीको नियम १९ खारेज गरिएको छ ।

६. रूपान्तर : मूल नियमावलीमा रहेका "मूल्य अभिवृद्धि कर कार्यालय" भन्ने शब्दहरूको सट्टा "आन्तरिक राजस्व कार्यालय" भन्ने शब्दहरू राखी रूपान्तर गरिएको छ ।

सूचना-३

## आयकर (सातौं संशोधन) नियमावली, २०७४

आयकर नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आयकर ऐन, २०५८ को दफा १३८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "आयकर ( सातौं संशोधन) नियमावली, २०७४" रहेको छ।

(२) यो नियमावली संवत् २०७४ साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. आयकर नियमावली, २०५९ को नियम २० मा संशोधन : आयकर नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २० को उपनियम (४) र (५) झिकिएका छन्।

३. मूल नियमावलीको नियम २३ मा संशोधन : मूल नियमावलीको नियम २३ को उपनियम (४) मा रहेका "पूर्वानुमानित कर विवरण पेश गर्ने बाहेकका करदाताले" भन्ने शब्दहरूको सट्टा "स्थायी लेखा नम्बर लिई व्यवसाय गर्ने करदाताले" भन्ने शब्दहरू राखिएका छन्।

सूचना-४

## अन्तःशुल्क (सत्रौं संशोधन) नियमावली, २०७४

अन्तःशुल्क नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "अन्तःशुल्क (सत्रौं संशोधन) नियमावली, २०७४" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. अन्तःशुल्क नियमावली, २०५९ मा नियम २९ग. थप : अन्तःशुल्क नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २९ख. पछि देहायको नियम २९ग. थपिएको छ :-

"२९ग. पारदर्शी प्लाष्टिकको खोल (थ्रिंक क्याप) प्रयोग गर्नु पर्ने : मदिरा उत्पादन गर्ने प्रतिष्ठानले आफूले उत्पादन गरेको मदिरा (वियर, वाइन र साईडर बाहेक) को बोतलमा अन्तःशुल्क टिकटको सुरक्षाको लागि संवत् २०७४ साल माघ १ गतेदेखि पारदर्शी प्लाष्टिकको खोल (थ्रिंक क्याप) प्रयोग गर्नु पर्नेछ ।"

३. मूल नियमावलीको नियम ३० मा संशोधन : मूल नियमावलीको नियम ३० को उपनियम (२) मा रहेको "प्रतिष्ठानले बियर निष्कासन गर्दा प्याक भएको प्रत्येक कार्टुनमा विभागद्वारा तोकिएको अन्तःशुल्क टिकट समेत टाँस गर्नु पर्नेछ ।" भन्ने वाक्यांशको सट्टा "त्यसरी बोतलवन्दी गरेपछि प्रतिष्ठानले प्रत्येक बोतलको बिर्कोमा पर्ने गरी अन्तःशुल्क टिकट टाँसी कार्टुनमा राखी गोदाममा भण्डारण गर्नु पर्नेछ ।" भन्ने वाक्यांश राखिएको छ ।

सूचना-५

## भन्सार (आठौं संशोधन) नियमावली, २०७४

भन्सार नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

भन्सार ऐन, २०६४ को दफा ९२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "भन्सार (आठौं संशोधन) नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. भन्सार नियमावली, २०६४ को नियम ११ मा संशोधन : भन्सार नियमावली, २०६४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ११ को उपनियम (१) झिकिएको छ ।

३. मूल नियमावलीको नियम १४ मा संशोधन : मूल नियमावलीको नियम १४ को उपनियम (३) झिकिएको छ ।

४. मूल नियमावलीको नियम ३७ मा संशोधन : मूल नियमावलीको नियम ३७ को,-

(१) उपनियम (९) मा रहेका "एक जना व्यक्ति" भन्ने शब्दहरुको सट्टा "बढीमा दुई जना व्यक्ति" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (११) झिकिएको छ ।

(३) उपनियम (१३) मा रहेका "वा (११)" भन्ने शब्दहरु झिकिएका छन् ।

(४) उपनियम (१६) मा रहेका "वा (११)" भन्ने शब्दहरु झिकिएका छन् ।

आज्ञाले,
शान्तराज सुवेदी
नेपाल सरकारको सचिव